साँगुरीगढी गाउँपालिका
Sanguriigadhi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.स. २०७८/०७९

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal

### सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/१३

यस साँगुरीगढी गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम आ.व. २०७८/०७९ को लागि पार्किङ्ग तथा सरसफाई शुल्क संकलन सार्वजनिक खरिद ऐन, २०६४, सार्वजनिक खरिद नियमवली, २०६५ बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, कर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म तथा कम्पनीहरुले रितपूर्वक सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

| सि.न. | ठेक्का नं. | न्यूनतम ठेक्का अंक रु (भ्याट बाहेक) | दरभाउ पत्र मूल्यू रु |
|---|---|---|---|
| १ | ०६/०७८/०७९ | ४२०,०००/- चार लाख बीस हजार | १०००/- |

शर्तहरु :

१. पार्किङ्ग तथा सरसफाई शुल्कको दर, विवरण, परिणाम तथा स्थान सिलबन्दी दरभाउ पत्रसाथ उपलब्ध गराउने छ। सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिले ७ औं दिन (सार्वजनिक विदा पर्न गएमा लगत्तै पछि कार्यालय खुलेको दिन) दिनको १२.०० बजे सिलबन्दी दरभाउ पत्र पेश गरिसक्नु पर्नेछ। पेश हुन आएको सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २.०० बजे साँगुरीगढी गाउँपालिकाको कार्यालय भेडेटारमा खोलिनेछ।

२. सिलबन्दी दरभाउ पत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नेपाल वंगलादेश बैंक लि. भेडेटार शाखामा रहेको धरौटी खाता नं. ०५२००००८४१ मा कबोल अङ्को ५ प्रतिशत रकम जम्मा गरेको भौचर वा प्रचलित कानूनबमोजिम मान्यता प्राप्त “क” वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ।

दोर्णबहादुर राई
प्रशासकीय अधिकृत

सााँगुरीगढी गाउँपालिका
Sanguridadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७८/०७९

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal

३. पार्किङ्ग तथा सरसफाई शुल्क संकलनको ठेक्का सम्झोता अवधि सम्झौता भएको मितिदेखि २०७९ असार मसान्तसम्म हुनेछ ।

४. दरभाउ पत्र कबोल रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ । अंक वा अक्षरलाई काट्नु परेमा एकडोराले काटी पुनः लेखी सहीछाप गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउ पत्रमा मूल्य अभिबृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गर्नु पर्ने छ । प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

६. ठेक्का व्यवस्थापन सम्बन्धी कर्मचारी तथा रसिदको ब्यवस्था ठेकेदार आफैले गरी गाउँपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित भएको रसिद प्रयोग भएमा प्रचलित कानून बमोजिम कारबाही भइजानेछ ।

७. वन्द, हड्ताल जस्ता मानव सिर्जित घट्नाका कारणबाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन ।

८. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्रविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सााँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुने छ ।

१०. सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य कुरा जानकारी लिनु पर्न भएमा कार्यालय फोन नं. ०२५-४०००५८ र ०२५-४०००६८ सम्पर्क गर्न सक्नु हुनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

दोर्णबहादुर राई
प्रशासकीय अधिकृत